# पान बुलेटिन

## नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन

बर्ष २२ | बैशाख-श्रावण २०८१ (अप्रिल-अगष्ट २०२४) | अंक ३४


## अध्यक्षको सन्देश



मधुरमण आचार्य
अध्यक्ष
नेपाल जनप्रशासन सङ्घ

नेपाल जन-प्रशासन सङ्घको कार्य समितिको अध्यक्षको हैंसियतले आफ्नो कार्यकालको दोस्रो पान बुलेटिन प्रकाशनमा ल्याउन पाउँदा मलाई खुसी लागेको छ । यस अवधिमा सङ्घका पदाधिकारी एवम् आजीवन र संस्थागत सदस्यहरूको सक्रिय सहयोग र योगदानमा पानका विविध गतिविधिहरूलाई निरन्तरता दिन सकिएकोमा मलाई गौरवको अनुभूति भएको छ । यसै अवधिमा सङ्घले प्रदान गर्दै आएको हेमबहादुर मल्ल सम्मान २०७९, सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको गरिमामय उपस्थितिमा एक भव्य समारोहमा अर्पण गरिएको छ । सङ्घले आफ्ना नियमित "पान टक" कार्यक्रम अन्तर्गत विविध विषयहरूमा छलफल जारी राखेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूसँगको सङ्घको सहकार्य पनि निरन्तर जारी रहेको छ । यो बुलेटिन प्रकासनको अवसरमा सङ्घका आजीवन र संस्थागत सदस्यजूहरू प्रति २०८१ सालको बडा दशैलगायत सम्पूर्ण चाडपर्वको उपलक्षमा हार्दिक शुभकामना अर्पण गर्दछु ।

## हेमबहादुर मल्ल सम्मान, २०७९ डा. भेषबहादुर थापालाई अर्पण

नेपाल जन-प्रशासन सङ्घले साल्ट ट्रेडिङ्ग कर्पोरेसनसँगको सहकार्यमा स्थापित गरेको 'हेमबहादुर मल्ल सम्मान' यस वर्ष डा. भेषबहादुर थापालाई अपर्ण गरिएको छ । पाँच दशकसम्म निरन्तर सार्वजनिक जीवनका आर्थिक, प्रशासनिक, प्राज्ञिक र कूटनीतिक क्षेत्रमा नेतृत्वदायी भुमिका निर्वाह गर्दै ती क्षेत्रको संस्थागत विकास र अन्तर्राष्ट्रियस्तरमा नेपालको राष्ट्रिय हित र श्रीवृद्धिको लागि पुऱ्याउनु भएको बहुमुल्य योगदानको कदरस्वरूप हेमबहादुर मल्ल सम्मान २०७९ डा. भेषबहादुर थापालाई अर्पण गरिएको हो । यस पुरस्कारको राशी दुई लाख रूपैयाँ रहेको छ ।

वि.सं. २०८१ श्रावण २३ गते राजधानीमा आयोजित एक समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सो सम्मान डा. थापालाई अर्पण गर्नु भयो । प्रमुख अतिथिको रूपमा समारोहलाई सम्बोधन गर्नु हुँदै राष्ट्रपति पौडेलले भन्नु भयो, "मुलुकमा विधिको शासन सञ्चालन गर्न, नागरिकहरूलाई दिइने सेवामा दक्षता ल्याउन, सरकारी कामकारवाहीमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको बढावा गरी सुशासन कायम गर्न प्राज्ञिक तथा पेशागत संस्थाहरूको ठूलो भूमिका रहेको हुन्छ । उहाँले भन्नु भयो, "सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सुविधामा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासन प्रत्याभूति गर्ने राज्यका दायित्व र जिम्मेवारी बहनमा नेपाल जनप्रशासन सङ्घमा आबद्ध सबै पेशाविद्हरूले मन, वचन र कर्मले सघाउनु हुनेछ भन्ने अपेक्षा गरेको छु ।"



समारोहलाई सम्बोधन गर्नु हुँदै सम्मानित व्यक्ति डा. भेषबहादुर थापाले भन्नु भयो, "नेपालले हासिल गरेको उन्नति र प्रतिष्ठालाई संरक्षण र प्रवर्द्धन गर्ने अभियानमा एउटा सहयोगीको रूपमा प्रयत्न गरेको हुँ । आज तिनै लामो संघर्ष र यात्राले देशवासीहरूको र खास गरेर विश्वसँग लुकेर जोगिएको पहिचानबाट सम्मानित विश्वव्यापीरूपमा सक्रिय भूमिका खेल्ने आधारको सृजना गरेको छ । त्यसले नेपालको अस्तित्वलाई समान उचाईमा पुऱ्याउन हाम्रो पुस्ताले गरेको योगदानमा सहभागीको रूपमा प्रस्तुत गर्ने आधार भएको ठान्दछु ।"




डा. भेषबहादर थापा यो सम्मानबाट सम्मानित हुनुहुने २०औ व्यक्ति हुनुहुन्छ । अघिल्ला वर्षहरूमा हेमबहादुर मल्ल सम्मानबाट केदारभक्त माथेमा, चाँदनी जोशी, डा. भगवान कोईराला, डा. विमल कोईराला, महावीर पुन, भोजराज पोखरेल, दमननाथ


प्रकाशक:
**नेपाल जन-प्रशासन संघ**
Public Administration Association of Nepal (PAAN)
हरिहर भवन, ललितपुर, नेपाल

ढुङ्गाना, डा. सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा. देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा. सन्दुक रूइत, डा. गौरीशंकर लाल दास, सूर्यनाथ उपाध्याय, गोरक्ष बहादुर न्हुच्छे प्रधान र भानु आचार्य सम्मानित भईसक्नु भएको छ ।

समारोहका विशेष अतिथि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राजकुमार गुप्ताले मुलुकमा सुशासन र सङ्घीय प्रणालीलाई दिगो बनाउन पेशागत सङ्घ संस्थाहरूले तीनै तहका सरकारलाई नीति निर्माण र सेवा प्रवाहमा चुस्तता ल्याउने उपयोगी सल्लाह र सुझाव दिनुहुने सरकारको अपेक्षा रहेको बताउनु भयो । उहाँले विधिको शासन, सामजिक न्याय र सुशासनप्रति नेपाल सरकार प्रतिबद्ध रहेको बताउनु हुँदै मुलुकको सार्वजनिक प्रशासन तटस्थ, जवाफदेही, दक्ष, पारदर्शी र सामवेशी हुनुपर्छ भन्नु भयो । उहाँले संसदमा विचाराधिन रहेको सङ्घीय निजामती सेवा विधेयकलाई जतिसक्दो छिटो पारित गर्ने कुरा सरकारको प्राथमिकतामा रहेको कुरा बताउनु भयो ।

सो सम्मान अर्पण समारोहको अध्यक्षता नेपाल जन-प्रशासन सङ्घका अध्यक्ष मधुरमण आचार्यले गर्नु भएको थियो । समारोहमा साल्ट ट्रेडिङ्ग कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठले पनि मन्तव्य दिनु भएको थियो । यस सम्मान छनौटका लागि नेपाल सरकारका पूर्व सचिव एवं पूर्व अर्थ मन्त्री शंकरप्रसाद कोईरालाको संयोजकत्वमा एक सम्मान छनौट समिति गठन गरिएको थियो ।

नेपाल जन-प्रशासन सङ्घले सार्वजनिक उपयोगिता क्षेत्रको अग्रणी संस्था साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सौजन्यमा शिक्षा, व्यवस्थापन, प्रशासन, सार्वजनिक वितरण, जनसरोकार एवं सरकारी तथा गैरसरकारी क्षेत्रमा अतुलनीय योगदान दिनुहुने व्यक्ति वा संस्थालाई सम्मान गर्न कुशल प्रशासक एवम् व्यवस्थापक स्व. हेमबहादुर मल्लको स्मृतिमा वि. सं. २०५९ मा यो सम्मानको स्थापना गरेको हो । स्वर्गीय हेमबहादुर मल्लले साल्ट ट्रेडिग कर्पोरेशनमा संस्थापक प्रमुख, कार्यकारी प्रमुख, डाइरेक्टर इन्चार्ज, प्रमुख सल्लाहकार र प्रेसिडेन्ट पदमा रही सेवा गर्नु भएको थियो ।

## पान टक कार्यक्रम

नेपाल जनप्रशासन सङ्घले सामान्यतया प्रत्येक १५ दिनको अन्तरालमा समसामायिक विषयवस्तु, जन-प्रशासन, सार्वजनिक सेवा प्रवाह, पारदर्शिता, सुशासन, सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम आयोजना गर्ने गरेको छ । यस बुलेटिन अवधिमा विविध समसामयिक विषयमा "पान टक" कार्यक्रमहरू सम्पन्न भएका छन् ।

१. मिति २०८१ वैशाख ५ गते "जन प्रशासनमा प्रेरणा अभिवृद्धि" विषयमा विशिष्ट वक्ताहरूको रूपमा डा. दामोदर रेग्मी र डा. तारा प्रसाद गिरी हुनुहुन्थ्यो ।

२. मिति २०८१ वैशाख १९ मा "नेपालमा सरकारी स्रोत वितरणका अभ्यास र सुधारका उपाय" बिषयमा प्रमुख वक्ताहरूको रूपमा नेपाल सरकारका पूर्व मुख्य सचिव डा. सोमलाल सुवेदी र नीतिका फाउण्डेशनका प्राविधिक सल्लाहकार डा. नारायण बास्कोटा हुनुहुन्थ्यो ।

३. मिति २०८१ वैशाख ३० गते "नवीनता एकीकृत गर्दै सार्वजनिक प्रशासन, सार्वजनिक सेवा, र शासनमा प्रविधि र उद्यमशीलताको प्रयोग" बिषयमा प्रमुख वक्ताको रूपमा क्यानडास्थित सिड न्यानोटेकका मुख्य कार्यकारी अधिकारी डा. कोन्राड रिजाल हुनुहुन्थ्यो ।

४. मिति २०८१ जेष्ठ २ गते "सार्वजनिक-प्रशासनमा द्वन्द्व व्यवस्थापन" विषयमा द्वन्द्व तथा सुशास विद् डा. विष्णुराज उप्रेतिले प्रवचन दिनु भयो ।

५. मिति २०८१ जेष्ठ १६ गते "नीति र कार्यक्रम कार्यान्वयनका जटिलताहरूलाई सम्बोधन गर्न जन प्रशासनको भूमिका" विषयमा तीनजना विशिष्ट वक्ताहरूको प्रस्तुति रहेको थियो । यस कार्यक्रममा वक्ताहरूको रूपमा मध्यपश्चिम विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. नन्द बी. सिंह र राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. जनकराज शाह हुनुहुन्थ्यो ।

६. मिति २०८१ जेष्ठ ३१ गते "अर्थतन्त्रको वर्तमान अवस्था र आगामी कार्यदिशा" अन्तर्गत मौद्रिक नीतिको भूमिका विषयमा तीनजना विशिष्ट वक्ताहरूको प्रस्तुति रहेको थियो । सो कार्यक्रममा पूर्व अर्थमन्त्री र नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. युवराज खतिवडा, नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट र राष्ट्रिय योजना आयोगका सदस्य डा. रमेशचन्द्र पौडेल हुनुहुन्थ्यो ।




७. मिति २०८१ आसार १२ गते "कर्मचारीतन्त्रको संस्कार र नेतृत्वले खेल्नुपर्ने भूमिका" विषयमा प्रस्तुति दिनुहुने वक्ताहरूमा नेपाल सरकारका पूर्व सह-सचिव अर्जुनमणि दीक्षित र त्रिभुवन श्रेष्ठ हुनुहुन्थ्यो ।

८. मिति २०८१ असार २६ गते "नेपालमा प्रकोप व्यवस्थापन" विषयमा डा. मीनबहादुर पौडेल क्षेत्रीले प्रवचन दिनु भयो ।

## पान जर्नल NepJol मा आवद्ध

नेपाल जन-प्रशासन सङ्घले विगत लामो समयदेखि प्रकाशन गर्द आइरहेको PAAN Journal यस वर्षदेखि NepJol मा आवद्ध भएको छ साथै पान जर्नललाई स्तरीयकरण गरी Paan Review गरी प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ ।

https://nepjol.info/index.php/paanj मा
PAAN Journal अंक online मा हेर्न सकिन्छ ।

## सङ्घको आजीवन सदस्यता प्रदान

यस अवधिमा निम्न महानुभावहरूले नेपाल जन-प्रशासन सङ्घको आजीवन सदस्य प्रप्त गर्नुभएको छ ।

१. डा. विष्णु राज उप्रेती
२. डा. रोहित कुमार श्रेष्ठ
३. जानकी गौतम

उहाँहरूलाइ हार्दिक बधाई र सक्रिय भूमिका निर्वाह गरी सङ्घलाई उर्जा प्रदान गर्नुहुने अपेक्षासहित नेपाल जन-प्रशासन सङ्घ परिवारमा स्वागत छ ।

## अन्तर्राष्ट्रिय साझेदारी र सहभागिता

विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट नेपाल जन-प्रशासन सङ्घलाई विभिन्न कार्यक्रममा निमन्त्रणा प्राप्त हुन आएकोमा सङ्घका इच्छुक आजीवन एवम् संस्थागत सदस्यहरू सहभागी हुनसक्ने हुँदा सो को जानकारी फेसबुक, इमेल र भाइवर रूपमा समेत जानकारी गराउने गरिएको छ ।

1. International Conference of the Eastern Regional Organization for Public Administration (EROPA) in Indonesia, from 5–7 November 2024
2. International Conference of the South Asian Network for Public Administration -SANPA_ to be held in Dhaka, Bangladesh, from 25–27 October 2024
3. International Conference on Public Policy on 2–4 July, 2025 at Chiang–mai, Thailand, organized by the International Public Policy Association (IPPA)

विभिन्न मुलुकहरूका प्रशासनिक नेतृत्व, नीति अनुसन्धानकर्ता र प्राज्ञिक व्यक्तिहरूसँग अन्तरक्रिया गर्ने र अन्तर्राष्ट्रिय परिप्रेक्ष्य बुझ्नको लागि यस्ता कार्यक्रममा सङ्घका आजीवन तथा संस्थागत सदस्यहरूलाई उपयोगी हुने विश्वास गरिएको छ ।

## सङ्घीय संसद प्रतिनिधि सभा अर्थ समितिमा सङ्घको तर्फबाट प्रस्तुति

आ.ब.२०८१-८२ को बजेट तर्जुमामा नेपाल सरकारलाई सुझावहरू दिने उद्देश्यले सरोकारवालाहरू सँगको सुझाव समेटन सङ्घीय संसद प्रतिनिधि सभा अर्थ समितिले मिति २०८१ वैशाख २६ गते अर्थविद्, योजनाविद् र प्रशासनविद्को प्रतिनिधीत्व हुने गरी नेपाल जन-प्रशासन सङ्घको सहभागिताको लागि आमन्त्रण गरेकोमा उक्त कार्यक्रममा सङ्घको तर्फबाट सङ्घका महासचिव डा. दिलिपराज पौडेल, नेपाल सरकारका पूर्व सचिव श्री गोपीनाथ मैनाली, नेपाल सरकारका पूर्व सहसचिव श्री बाबुराम सुवेदी र नीति फाउण्डेशनका प्राविधिक सल्लाहकार डा. नारायण बास्कोटाको सहभागीता रहेको थियो । सङ्घले प्रस्तुत गरेको सुझाव सङ्घको वेबसाइटमा राखिएको छ ।

## अनुरोध

नेपाल जन-प्रशासन सङ्घ (PAAN) को गतिविधिलाई अझै प्रभावकारी बनाउने सन्दर्भमा सङ्घमा आजीवन सदस्य, पूर्व अध्यक्ष एवं पूर्व पदाधिकारी तथा सदस्यहरू, सङ्घका शुभेच्छुकहरूबाट कार्यान्वयन योग्य सुझाव सङ्घको इमेल Paan.kathmandu@gmail.com मा गराइदिनुहुन हार्दिक अनुरोध छ ।

**नेपाल जन-प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर ।

## बधाई तथा शुभकामना



नेपालक सरकारको पहिलो महिला मुख्य सचिवमा मिति २०८१ श्रावण १० गते नियुक्त हुनु भएकोमा **लीलादेवी गडतौला**लाई
हार्दिक बधाई तथा शुभकामना !

**नेपाल जन-प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर ।

## बधाई तथा शुभकामना



नेपाल जन-प्रशासन सङ्घका महासचिव **दिलिपराज पौडेल**ले पोखरा विश्वविद्यालयबाट व्यवस्थापन विधामा विद्यावरिधि उपाधि हासिल गर्नुभएकोमा उहाँलाई
हार्दिक बधाई तथा शुभकामना !

**नेपाल जन-प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर ।

## २०८१ सालको

## बडा दशैं, नेपाल सम्बत, भाईटीका, छठ लगायत सम्पूर्ण चाडवाडहरुको पावन अवसरमा नेपाल जन-प्रशासन संघका सदस्यहरु एवं सम्पूर्ण नेपालीहरुको प्रगति, सु-स्वास्थ्य, दीर्घायु, सुख, शान्ति एवं समृद्धिको लागि

## हार्दिक मंगलमय शुभकामना ।


**मधुरमण आचार्य, अध्यक्ष**

**नेपाल जन-प्रशासन संघ (PAAN)**

एवं

**नेपाल जन-प्रशासन संघ परिवार**

हरिहरभवन, पुल्चोक, ललितपुर ।


## हेमबहादुर मल्ल सम्मान, २०८० का लागि नाम सिफारिस गरी पठाउने सम्बन्धमा

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/१७ गते

कुशल प्रशासक एवं व्यवस्थापक स्वर्गीय हेमबहादुर मल्लको सम्मानमा साल्ट ट्रेडिङ कर्पोरेशनको सौजन्यमा २०५९ सालमा स्थापित **हेमबहादुर मल्ल सम्मान** नेपाल जनप्रशासन सङ्घ (PAAN) ले सार्वजनिक प्रशासन व्यवस्थापन र सेवाका विविध क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउनुहुने व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष रू. दुई लाख राशिका साथ सम्मान प्रदान गर्दै आएको छ । यसै सन्दर्भमा **हेमबहादुर मल्ल सम्मान, २०८०** का लागि यस सम्मानबाट सम्मानित गर्न निम्नलिखित मापदण्ड पूरा भएका व्यक्ति वा संस्थाको नाम र विवरण निम्न ठेगानामा यही २०८१ साल भाद्र ३१ गतेभित्र सम्भावितको संक्षिप्त परिचयसहित नाम सिफारिस गरी इमेल, पत्रमार्फत पठाई दिनुहुन अनुरोध छ ।

- उद्योग, वाणिज्य, स्वास्थ्य, सार्वजनिक सेवा, सार्वजनिक सेवाप्रवाह, सूचना व्यवस्थापन, नवीन आविष्कारका क्षेत्रहरू, अनुसन्धान र जनसरोकारका क्षेत्रहरूको उन्नति र प्रगतिमा कुशल संस्थागत नेतृत्व प्रदान गरी उत्कृष्ट र असाधारण योगदान पुऱ्याएका व्यक्ति वा संस्थाहरू ।
- सार्वजनिक प्रशासन, व्यवस्थापन र सेवाका विविध क्षेत्रहरूमा संस्थापक/प्रवर्द्धन/सञ्चालक वा प्रमुख कार्यकारी वा व्यवस्थापकका रूपमा संस्थागत रूपान्तरण गर्न सफल भएको, उल्लेखनीय योगदान गरेका व्यक्ति वा संस्था ।


**मधुरमण आचार्य, अध्यक्ष**

**नेपाल जन-प्रशासन संघ (PAAN)**

हरिहरभवन, ललितपुर । ०१-५४२४४७०, ९८५१२३४७००

Email: paan.kathmandu@gmail.com,

info@paan.org.np


## सदस्यता अद्यावधिक एवं साधारण सभा सम्बन्धी जरूरी सूचना

यस संस्थाको हाल कायम सदस्यहरूमध्ये केही विदेशमा स्थायी बसोबास गरी बसेको, केहीको मृत्यु भएको, केही नेपालमै भएता पनि सम्पर्कमा नरहेको तथा ठेगाना र सम्पर्क नम्बर परिवर्तन भई पत्राचार गर्न कठिन भएको कारणले सबै सदस्यहरूले www.paan.org.np मार्फत वा इमेल ठेगाना paan.kathmandu@gmail.com मार्फत आफ्नो विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ ।


**नेपाल जन-प्रशासन संघ (PAAN)**

पुल्चोक, ललितपुर । ०१-५४२४४७०


## नेपाल जनप्रशासन संघका सेवाहरू

- सार्वजनिक प्रशासन व्यवस्थापन तथा अन्य समसामायिक विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने । वैदेशिक तालिममा सहभागिताको लागि सहजीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- अध्ययन, अनुसन्धान, नीति, नियम, O&M र अन्य विविध विषयमा विज्ञ तथा परामर्श सेवा सम्बन्धी कार्य ।


**सम्पर्कः**

**नेपाल जन-प्रशासन संघ (PAAN)**

हरिहर भवन, पुल्चोक, ललितपुर ।

इमेलः paan.kathmandu@gmail.com

फोन : ०१-५४२४४७०






